आज मिति २०७९ साल भदौ ०२ गते विहीबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ६ (छैटौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा
२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा
३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ
४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी
६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की
७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ
८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.
९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा
१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ
११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा
१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय
१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ
१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा
१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ
१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान
१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ
१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ
१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार
२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)
२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली
२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री शिव प्रसाद लम्साल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।

३. मिति २०७९/०५/०२ गते बसेको नगर शिक्षा समितिको बैठक समीक्षा तथा निर्णयहरु जानकारी सम्बन्धमा।

४. भूउपयोग ऐन, २०७६ र भूउपयोग नियमावली, २०७९ बमोजिम जग्गा वर्गीकरण गर्ने सम्बन्धमा।

५. डायल्यासिस, मृगौला प्रत्यारोपण, सबै प्रकारका क्यान्सर र मेरुदण्डको पक्षघात भएका र अन्य सामाजिक सुरक्षा एवं नियमित सुविधा नपाएका व्यक्तिहरुको सम्बन्धमा।

६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन प्रकृया सम्वन्धमा।

४. नमोबुद्ध नगरपालिकाका लागि प्रेस सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा।

५. विद्यालयहरुमा रिक्त रहेको दरवन्दी/राहत शिक्षक करार नियुक्तिको अनुमति प्रदान गर्ने सम्बन्धमा।

६. स्थानीय भू-उपयोग परिषद् सम्बन्धमा।

७. साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् अनुमति पत्र नवीकरण गर्ने सम्बन्धमा।

८. काभ्रेभन्ज्याङ-नमोबुद्ध-दाप्चा सडक मर्मत सम्भार गर्ने सम्बन्धमा।

९. प्रहरी चौकी निर्माणार्थ जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा।

१०. नगर विकास कोषमा प्राविधिक सहयोगका लागि पत्राचार गर्ने सम्बन्धमा।

११. विविध।

निर्णयहरु:

निर्णय नं. १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो।

निर्णय नं. २:

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ को प्रयोजनको लागि न्यूनतम दररेट निर्धारण गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिम गठित दररेट निर्धारण समिति, काभ्रेपलाञ्चोकबाट स्वीकृत आर्थिक वर्ष २०७९/०८० को जिल्ला दररेट स्वीकृत गरी स्थानीय दररेटको रुपमा लागु गर्ने र सोही जिल्ला दररेटको आधारमा गरिएको दर विश्लेषण स्वीकृत गरी कार्यान्वयन गर्ने। साथै कुनै खास दररेटमा परिवर्तन गर्न आवश्यक परेमा वा नयाँ Item थप गर्नुपर्ने अवस्था आएमा नगर प्रमुख स्तरीय निर्णयबाट दररेट कायम गर्ने।

निर्णय नं. ३:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको बार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन तपशिल बमोजिम गर्ने गर्ने।

तपशिल:

क. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सामान्यतया २०,००,००० (~~दस~~ बीस लाख) सम्म बजेट विनियोजन भएका पूर्वाधार विकास तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरुको हकमा देहाय बमोजिमको कार्ययोजना अनुसार कार्यान्वयन गर्ने।

देहाय:

| क्र.म | विवरण | समयावधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन गर्ने अन्तिम मिति | कार्तिक मसान्तसम्म | |
| २ | योजना सम्झौता गर्ने अन्तिम मिति | मङ्सिर मसान्तसम्म | |
| ३ | कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति | फाल्गुन मसान्तसम्म | |

ख. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा माथि उल्लेख भएको बुद्दा नम्बर क. अर्थात् उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु बाहेक वा उपभोक्ता समिति मार्फत संचालन नहुने योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम सिलबन्दी दरभाउपत्र, क्याटलक वा विद्युतीय बोलपत्र (e-bid) लगायतका विधि मार्फत कार्यान्वयन गर्ने।

निर्णय नं. ४:

यस नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा सूचना तथा संचार परामर्श खर्चबाट प्रेस क्षेत्रमा गरिएका मासिक कार्य सम्पादनको प्रतिवेदन पेश भए पछि रु. ३४००० (चौतिस हजार) मात्र संचार तथा यातायात खर्च उपलब्ध गराउने गरी नमोबुद्ध नगरपालिका वडा नम्बर ०८ निवासी श्री नगेन्द्र अधिकारीलाई नमोबुद्ध नगरपालिकाको प्रेस सल्लाहकारको रुपमा नियुक्त गर्ने।

निर्णय नं. ५:

यस नमोबुद्ध नगरपालिका भित्र रहेका विद्यालयहरुमा रिक्त रहेको दरबन्दी/राहत शिक्षक करार नियुक्ति विद्यार्थी संख्याको आधारमा दरबन्दी कट्टा नहुने विद्यालयहरुमा प्रचलित कानूनको अधिनमा रही सम्पूर्ण प्रकृया पूरा भएर आएका विद्यालयहरुको हकमा पदपूर्तिको अनुमति दिने अधिकार नगर प्रमुखलाई दिने।

निर्णय नं. ६:

भूउपयोग ऐन, २०७६ को दफा १८ को उप-दफा (२) बमोजिम यस नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिकाले भूउपयोग ऐन, २०७६ को दफा १९ बमोजिमको काम, कर्तव्य र अधिकार गर्ने गरी स्थानीय भूउपयोग परिषद्को रुपमा कार्य गर्ने।

निर्णय नं. ७:

नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ (साविक कानपुर कालापानी गा.वि.स. वडा नम्बर ०५) मा नियमानुसार संचालन भई रहेको पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि.ले खानी तथा भूगर्भ विभागबाट लिएको उत्खनन् कार्यको अनुमति पत्रको अवधि समाप्त भएको हुँदा पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि.ले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १७ बमोजिम उत्खनन् कार्यको अवधि थप सम्बन्धमा पेश गरेको निवेदनको सन्दर्भमा र नमोबुद्ध नगरपालिका ०५ नम्बर वडा कार्यालयको प.सं. २०७८/०७९, च.नं. १११८, मिति २०७९/०१/०९ को सिफारिस पत्रानुसार मिति २०७९/०३/०३ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयानुसार सो खानीको म्याद थपका लागि नमोबुद्ध

नगरपालिकाको प.सं. २०७८/०७९, च.नं. १८२५, मिति २०७९/०३/०५ र प.सं. २०७८/०७९, च.नं. १८८६, मिति २०७९/०३/१३ गतेको पत्रबाट सिफारिस भएको र नगरपालिकाबाट सिफारिस भए पश्चात श्री पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि. लाई खानी तथा भूगर्भ विभागको प.सं. २०७९/०८०/२०२, च.नं. २९५, मिति २०७९/०४/३० गतेको अवधि थप सहमति प्रदान गरिएको सम्बन्धी पत्र साथ प्राप्त भएको स्वीकृत Mining Scheme, IEE को TOR र IEE प्रतिवेदनका आधारमा श्री पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि.लाई २०७९/०१/०६ देखि २०८१/०१/०५ सम्म २ (दुई) वर्षको अवधिका लागि सोही विभागबाट प्राप्त कागजातमा उल्लेख भएका शर्त र खानीको चौहद्धि विवरण रहेको क्षेत्रमा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १७ र नियम-२८ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-३, दफा ११ को उपदफा (२) को देहाय प. बमोजिम नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन, २०७९ र खानी तथा भूगर्भ विभागको सहमति पत्रमा उल्लेख भएको राजश्व लिई श्री पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि लाई साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् अनुमति पत्र नवीकरण गर्ने।

<u>निर्णय नं. ८:</u>

नमोबुद्ध नगरपालिका अन्तर्गत रहेको काभ्रेभन्ज्याङ-नमोबुद्ध-दाप्चा सडक खण्डको कपुरेढुङ्गामा वर्षाको कारणले पहिरो गई तत्काल सडक मर्मत गर्नुपर्ने भएको हुँदा पुर्वाधार विकास कार्यालय,काभ्रेपलाञ्चोकको प.सं. २०७९/०८०, च.नं. १४५, मिति २०७९/०५/०१ गतेको सडक मर्मत सम्भार सम्बन्धी पत्र अनुसार सो क्षेत्रमा मर्मत सम्भार गर्नको लागि कुल लागत अनुमान रकम रु. २६,५६,२२७/२७ तयार भएको मध्ये पुर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकबाट रकम रु.१२,४८,००० बजेट विनियोजन गरिएको र कुल लागत अनुमानमा बाँकि हुन आउने रकम रु. १०,४०,००० बजेट यस नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको आर्थिक वर्ष २०७९/०८० को वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा उल्लेख भएको प्रकोप व्यवस्थापन कोषमा विनियोजन भएको बजेटबाट व्यहोर्ने गरी सो सडकको तत्काल मर्मत सम्भार गर्ने। हाल दाप्चा बजारमा हुन गईरहेको संस्कृतिक पर्व तथा जात्राहरुलाई मध्यनजर गरी थप सहज गराउन, सो क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी यातायातको आवतजावतलाई निरन्तरता दिन र वर्षातको समयलाई पनि मध्यनजर गरी थप क्षति हुन नदिन सो सडक तत्काल मर्मत सम्भार गर्नुपर्ने भएकाले उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने।

<u>निर्णय नं. ९:</u>

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित कोटतिमाल दुई पोखरी चौरमा गाउँ समाजका भद्रभलाद्मी, बुद्धिजीवीहरु, समाजसेवी, राजनीतिक दल, उपभोक्ता समिति र वडा कार्यालयको रोहबरमा बसेको बैठकको निर्णय र जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकको प.सं. २०७९/०८०, च.नं. १७६ मिति

२०७९/०४/०९ गतेको प्रहरी चौकी कानपुर भवन निर्माण सम्बन्धमा उल्लेख भए बमोजिम संघीय सरकारको बजेटबाट प्रहरी चौकी कानपुर निर्माणको लागि बजेट विनियोजन भई बोलपत्र आव्हानको तयारी भई रहेकोमा प्रहरी प्रधान कार्यालय आवास तथा भौतिक परियोजना निर्देशनालयको मापदण्ड अनुसार ईलाका प्रहरी कार्यालयका लागि न्यूनतम ५ रोपनी तथा प्रहरी चौकीको लागि ३ रोपनी जग्गा आवश्यक पर्ने भएकोमा हाल प्रहरी चौकी कानपुरको नाममा कित्ता नम्बर १६१२ बाट ४ आना र कित्ता नम्बर ३०१ बाट ४ आना गरी जम्मा ८ आना मात्र रहेको हुँदा प्रहरी चौकीको कार्यालय भवन, भान्सा घर र शौचालय लगायतका भौतिक संचरना बनाउनको लागि जग्गा क्षेत्रफल अपुग हुने भएकोले सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ को दफा ६ को प्रकृया बमोजिम सोही स्थानमा सार्वजनिक जग्गा समेत रहेको हुँदा काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ ( साविक कानपुर गा.वि.स, वडा नम्बर ०७) स्थित कित्ता नम्बर ४१७ मा रहेको सार्वजनिक जग्गा प्रचलित कानून बमोजिम सम्पूर्ण प्रकृया पूरा गरी उपयोग गर्न सहमति दिने।

<u>निर्णय नं. १०:</u>

मिति २०७९ साल श्रावण महिनाको २२ गते नगर प्रमुख श्री कुनसाङ लामाज्यूको उपस्थितिमा भएको नमोबुद्ध नगरपालिकाको पूर्वाधार विकास सम्बन्धमा नगर विकास कोषका पदाधिकारी बीच भएको छलफल तथा निर्णय अनुसार यस नमोबुद्ध नगरपालिकाको विभिन्न क्षेत्रमा पर्यटन विकास लगायत आर्थिक पूर्वाधार विकासको लागि सम्भाव्ता अध्ययन गर्न र नगरपालिकाको Integrated Urban Development Plan बनाउन नगर विकास कोषमा प्राविधिक सहयोगका लागि पत्राचार गर्ने।